म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १४० शनिबार १४ पुस २०८० ने. सं. ११४४ थिल्लागा 30 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कटुवा पेस्तोलसहित दुईजना पक्राउ

हेटौंडा, १३ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले कटुवा पेस्तोल सहित दुईजना पक्राउ गरेको छ । प्रहरीले मनहरी गाउँपालिका-९ खरङगा स्थित हरियाली सामुदायिक वनबाट दुई जनालाई नियन्त्रणमा लिएको हो ।

वनको भावरतर्फबाट खरङगातर्फ आउँदै गरेको बा ४१ प २८१८ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा कटुवा पेस्तोल एक थान सहित दुई जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता लक्ष्मी भण्डारीले बताए । प्रहरीले मोटरसाइकल चालक राक्सिराङ गाउँपालिका-२ बस्ने वर्ष २६ को लालकुमार तितुङ र पछाडि सवार सोही स्थानका १९ वर्षका ज्ञानबहादुर स्याङतानलाई पक्राउ गरिएको भण्डारीले बताए ।

प्रहरीले स्याङतानको साथबाट अवैध २ नाल सहितको कटुवा पेस्तोल १ थान, बारुद २ थान फेला परेको र मोटरसाइकल सहित थप अनुसन्धानका लागि नियन्त्रणमा लिइएको भण्डारीले बताए ।

# मुख्यमन्त्री बैठक: संघीय सरकारसँग ९ बुँदे अधिकार माग

निशा गुरुङ



हेटौंडा, १३ पुस/अन्तर प्रदेश मुख्यमन्त्री बैठकले संघीय सरकारसँग ९ बुँदामा संवैधानिक अधिकार माग गरेको छ । बागमती प्रदेशको आयोजनामा शुक्रवार हेटौंडामा बसेको अन्तरप्रदेश मुख्यमन्त्री बैठकनले तय गरेको ९ बुँदे साझा पत्र मुख्यमन्त्रीहरुले शनिवार बिहान प्रधानमन्त्री प्रचण्डलाई पेश गर्ने निर्णय गरेका हुन् ।

बैठक समापनको अवसर मा मुख्यमन्त्रीहरुको तर्फबाट बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले ९ बुँदे साझापत्र पढेर सुनाएका थिए । बैठकले गत १६ असारमा गण्डकी प्रदेशको पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकबाट नेपालको संविधानको कार्यान्वयन प्रभावकारिता र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण तथा नागरिकमा प्रवाह हुने सेवा एवम् विकासमा शीघ्रता एवम् प्रभावकारिता ल्याउन महत्वपूर्ण निर्णयहरु भएको सुनाउँदै तहगत अधिकारको कार्यविस्तृतीकरण परिमार्जन गर्ने निर्णय गरेको छ ।

तीनै तहबाट प्रदान गरिने अनुदानको दोहोरोपना हटाउने, एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग अलग संरचना हटाउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने एवम् तादाम्यता कायम गर्ने, साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य गर्ने, जनशक्ति व्यवस्थापन र सेवाप्रवाह, राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्ने एवम् जग्गा प्राप्तिमा सहजता कायम गर्ने लगायत विषयमा भएका निर्णयको कार्यान्वयन छ महिनासम्म पनि उत्साहजनक नदेखिएको भन्दै बैठकका निर्णय शीघ्र कार्यान्वयन हुन पुन: जोडदार अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकले १५ असारमा गण्डकी प्रदेशको पोखरामा बसेको अन्तरप्रदेश मुख्यमन्त्री बैठकले पारित गरी प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष पेश गरिएको १७ बुँदे साझापत्र कार्यान्वयनको अवस्था पनि कमजोर रहेको अनुभूति गर्दै मुख्यत: प्रहरी समायोजन गर्ने, संघीय निजामती सेवा ऐन जारी गर्ने, प्रदेशले प्रयोग गरिरहेका सरकारी भवन तथा जग्गाको स्वामित्व हस्तान्तरण गर्ने, साझा अधिकारका विषयका कानुन निर्माणमा सहकार्य गर्ने, राष्ट्रिय वनलगायत प्राकृतिक स्रोतको उपयोग एवम् राजस्व बाँडफाँड, वित्तीय हस्तान्तरणको निर्णय गरेको छ ।

सबारीचालक अनुमतीपत्र र सवारीसाधन कर/शुल्क सम्बन्धी सफ्टवेयर प्रणाली प्रदेशबाट नै सञ्चालन गर्ने, ट्राफिक नियम उल्लघंन जरिवाना बापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गर्ने, आयोजना वर्गीकरण र व्यवस्थापन लगायत विषयको शीघ्र कार्यान्वयनका लागि पुन: माग गरेको छ । साथै, प्रदेश तथा स्थानीय तहमा जाने समानीकरण अनुदानको रकम वृद्धि गर्न आवश्यक कानुनी व्यवस्था मिलाउन अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकले मधेश प्रदेश सरकारले प्रधानमन्त्रीसमक्ष २३ कार्तिकमा प्रस्तुत गरेको ध्यानाकर्षणपत्र र मधेश प्रदेशसभाले पारित गरेको संकल्प प्रस्तावबमोजिमका माग पूरा गर्न ऐक्यबद्धतासहित अनुरोध गर्ने निर्णय गरेको छ । त्यसैगरी बैठकले नेपालको संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप संस्थागत गर्दै तीन तहको शासकीय व्यवस्थाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन संविधान निर्माणमा संलग्न प्रमुख राजनीतिक दलहरुबीच नियमित छलफल गर्ने संयन्त्रको विकास गरी राष्ट्रिय सहमतिसहितको साझा धारणा निर्माणमा प्रधानमन्त्रीबाट विशेष पहल हुन अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकले तीनै तहका सरकारको कार्यजिम्मेवारी र अधिकारक्षेत्रमा स्पष्टता ल्याउन कार्यविस्तृतीकरणमा गर्नुपर्ने परिमार्जनका लागि सबै प्रदेशका मुख्य न्यायाधिवक्ता रहेको कार्यदल गठन गर्ने र प्रदेशहरुको बीचमा बनेका कानुन र अब बन्ने कानुन तथा संघ, प्रदेश र स्थानीय कानुनहरुबीचमा तादाम्यता कायम गर्न गर्नुपर्ने कार्यहरु पहिचान गरी नियमितरुपमा मुख्यमन्त्रीको संयन्त्रमा पेश गर्ने निर्णय गरेको छ ।

संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संयन्त्रबीचमा समन्वय कायम गर्न प्रदेशले आफ्नै कर्मचारी व्यवस्थापन नगरुन्जेलसम्म प्रदेश सचिव, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलगायत रिक्त पदमा नेपाल सरकारले मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयमा एकमुष्ट खटाउने र सम्बन्धित प्रदेश एवम् स्थानीय तहमा पदस्थापना र सरुवा नियमानुसार प्रदेशबाट गर्ने व्यवस्था हुन नेपाल सरकारबाट शीघ्र निर्णय हुन अनुरोध गर्नुका साथै, प्रमुख जिल्ला अधिकारी र प्रदेश सुरक्षा निकायका प्रमुखहरुको कार्यसम्पादन मूल्यांकन र सुपरीवेक्षण प्रमुख सचिवबाट समेत हुने व्यवस्था तत्काल मिलाउन अनुरोध गर्ने पनि बैठकको निष्कर्ष छ ।

बैठकले साबिकमा जिल्ला वन अधिकृतबाट कारबाही किनारा हुने वनसम्बन्धी मुद्दाको निरुपण प्रदेशको डिभिजन वन अधिकृतले गर्न सक्ने गरी शीघ्र कानुनी व्यवस्था गर्न माग गरेको छ । प्रदेशका साझा सवालमा एकरुपता कायम गरी समन्वय, सहजीकरण र सहकार्यका लागि अन्तरप्रदेश मुख्यमन्त्री संयन्त्र निर्माण गर्ने, यो संयन्त्रको बैठक सामन्यतया प्रत्येक तीन महिनामा एकपटक बस्ने, संयन्त्रको बैठक आयोजना गरेको प्रदेशको मुख्यमन्त्रीले अर्को बैठकसम्म संयन्त्रको संयोजन र नेतृत्व गर्नुका साथै, यस संयन्त्रको आगामी बैठक लुम्बिनी प्रदेशमा गर्ने निर्णय बैठकले गरेको छ ।

बैठकबाट प्रधानमन्त्री समक्ष अनुरोध गरिएका निर्णयहरु शीघ्र कार्यान्वयन हुन अनुरोध गर्दै कार्यान्वयन नभएमा थप दबाबमूलक संघर्षका कार्यक्रम गर्न बाध्य हुने मुख्यमन्त्रीहरुले चेतावनी दिएका छन् । बैठकमा सातै प्रदेशका मुख्यमन्त्रीहरु सहभागी थिए । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको अध्यक्षतामा बसेको बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्मा, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्कीको उपस्थित थिए ।

अन्तरप्रदेश मुख्यमन्त्री बैठक बसेको यो तेश्रो पटक हो । यसअघि २०७५ साल भदौ २१ गते पहिलो बैठक पनि पोखरामा भएको थियो भने त्यसपछि गत असार १६ मा पनि पोखरामा भएको थियो । यसपछिको अन्तरप्रदेश बैठक लुम्बिनीमा हुने बताइएको छ ।

## रिपोटर्स क्लब मकवानपुरको अध्यक्षमा पुडासैनी

साझाकुरा संवाददाता



हेटौंडा, १३ पुस/रिपोटर्स क्लब नेपाल मकवानपुर शाखाको अध्यक्षमा क्रियाशील पत्रकार बलराम पुडासैनी सर्वसम्मत चयन भएका छन् । क्लबका केन्द्रीय अध्यक्ष ऋषि धमलाको उपस्थितिमा शुक्रबार हेटौंडामा भएको सर्वपक्षीय भेलाले पुडासैनीको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

क्लबको उपाध्यक्षमा प्रतिक्षा न्यौपाने, सचिवमा भावना रिजाल, कोषाध्यक्षमा सरोज पौडेल र सहसचिवमा मनिल महतो चुनिएका छन् । त्यस्तै सदस्यहरुमा मन्जु मैनाली, स्मिता अर्याल, अशोक बजगाईं र बाशुदेव विष्ट चुनिएका छन् । केन्द्रीय अध्यक्ष धमलाले क्लबका अध्यक्ष पुडासैनीसहित सिंगो कार्यसमितिलाई बधाई दिँदै निश्पक्ष पत्रकारितामार्फत् समाज रुपान्तरणका लागि अहोरात्र लागिपर्न आग्रह गरे ।

अध्यक्ष पुडासैनीले संस्थागत गरिमालाई अझै उचाइमा पुऱ्याउँदै सत्यतथ्य एवम् निश्पक्ष पत्रकारिताका लागि क्लबको भूमिका अझै प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गरे । उनले सबैसँग सहयोग समन्वय गर्दै अघि बढ्ने बताए । भेलाले क्लब मकवानपुरका पूर्वअध्यक्ष सविन न्यौपाने हेटौंडा उपमहानगरपालिका वडा नम्वर-१ को वडाध्यक्ष निर्वाचित भई हाल उपमहानगरपालिकाको प्रवक्ताको जिम्मेवारीमा रहेकोले उनलाई धन्यबाद ज्ञापन गर्दै संस्थालाई यहाँसम्म ल्याउन पुऱ्याएको योगदानको उच्च सम्मानसहित धन्यवाद प्रस्ताव समेत पारित गरेको छ ।

क्लबले प्रदान गर्दै आएको पुरस्कारलाई समेत निरन्तरता दिइने सर्वसम्मत निर्णय भएको छ । भेलामा प्रेस चौतारी नेपाल मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अञ्जली थापा, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी, सञ्चारिका समूह बागमती प्रदेश अध्यक्ष सरिता दाहाल, नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष हरि हुमागाईंलगायत मकवानपुरका क्रियाशील सञ्चारकर्मीको उपस्थिति थियो ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न

**बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०**

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

**मुख्य आकर्षणहरु :**

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित



प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# माइक्रोसफ्टका प्रमुख नाडेला बने वर्षको सर्वोत्कृष्ट सीईओ

यो वर्ष सन् २०२३ मा विश्वभर आर्टिफिसियल इन्टेलिजेन्सको बोलवाला रह्यो । दुनियाँका हरेक ठूला प्रविधि कम्पनीले यो प्रविधिको प्रयोग गरिरहेका छन् ।

माइक्रोसफ्ट कम्पनीको लगानी रहेको ओपन एआई कम्पनीले बनाएको च्याट जीपीटी नामक एआई च्याटबटले ठूलो तहल्का मच्चाइरहेको छ ।

सोही कारण एआई सम्बन्धी योजना तय गर्न सफलता प्राप्त गरेको भन्दै माइक्रोसफ्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत सत्य नाडेला सन् २०२३ को सीईओ अफ द इयर बनेका छन् ।

विश्वको सबैभन्दा ठूलो प्रविधि कम्पनी माइक्रोसफ्टले एआईमा अर्बौं डलर लगानी गरेको छ । कम्पनीको यहीं निर्णयकै कारण सत्य नाडेलालाई सीएनएनले वर्ष सीईओ घोषणा गरेको हो ।

माइक्रोसफ्टले हालै ओपन एआईसँगको साझेदारीलाई निरन्तरता दिइने घोषणा गरिसकेको छ । यसको माध्यमबाट माइक्रोसफ्टले ओपन एआई सर्भिस सहित आफ्ना सबै उपभोक्ता तथा इन्टरप्राइजेज प्रडक्टहरुमा ओपनएआईको प्रयोग गर्नेछ । यतिमात्र होइन ओपन एआईमा सुधारका लागि सुपर कम्प्युटिङ्ग सिस्टममा पनि लगानी गरिनेछ ।

नाडेलाको नेतृत्वमा विन्डोजको सफलता हासिल गरेसँगै माइक्रोसफ्ट कम्पनी पुन: एकपटक प्रविधि नवप्रवर्तकको रुपमा उदाइरहेको छ । यसैको नतिजास्वरुप अमेरिकी शेयर बजारमा माइक्रोसफ्टको शेयरमा यो वर्ष ५५ प्रतिशतले वृद्धि देखियो ।

नाडेलाले ओपएन एआईका सीईओ साम अल्टम्यान, चेसका सीईओ जेमी डिमोन तथा एनभिडियाका सीईओ जेन्सेन हुआङलाई



पछि पार्दै वर्षको सर्वोत्कृष्ट सीईओको उपाधि जितेका हुन् ।

स्मरण रहोस् सीएनएन बिजनेस टिमले सन् २०१८ देखि हरेक वर्षको अन्त्यमा व्यवसायसँग सम्बन्धित एकजना यस्तो नेतृत्वको छनोट गर्दै आएको छ जसले सो वर्ष वैश्विक मञ्चमा उतकृष्ट कार्यसम्पादन गरेका हुन्छन् ।

नाडेलाका अनुसार यो वर्ष सन् २०२३ एआईको वर्ष रह्यो भन्नुमा कुनै शंका छैन । उनी भन्छन्, 'हामी अहिले केवल आविष्कारको कुरामात्रै गरिरहेका छैनौं । हाम्रो अगाडि नयाँ-नयाँ प्रडक्टहरुको विकास भैरहेको छ र विश्वभर लोकप्रिय पनि बनिरहेका छन् । तर यो आविष्कार तबमात्रै सफल हुनेछ जब यसले हाम्रो करिअरलाई ससक्त बनाउन सक्दछ । अनि हाम्रा देशहरु तथा हाम्रा समुदायहरुमा यो काम लाग्नेछ ।'

**को हुन् क्लाउड गुरू सत्य नाडेला ?**

भारतीय मूलका अमेरिकी नागरिक सत्य नाडेलाको जन्म १९ अगष्ट १९६७ मा हैदरावादमा भएको थियो । उनको सुरुआती शिक्षा हैदरावादमै स्थानीय विद्यालयमा भएको थियो भने इन्जिनियरिङगको अध्ययनपछि उच्च शिक्षाका लागि उनी अमेरिका गएका थिए । उनले विस्कन्सिन युनिभर्सिटीबाट विज्ञानमा स्नातकोत्तर तथा सिकागो विश्वविद्यालयबाट एमबीए गरेका छन् ।

सन् १९९२ मा उनी माइक्रोसफ्टसँग जोडिएका थिए । उनले केवल २५ वर्षको उमेरमै माइक्रोसफ्टको सर्भर ग्रुपसँग काम गर्ने मौका पाएका थिए । उनलाई क्लाउड गुरुको नामले पनि चिनिन्छ । उनी माइक्रोसफ्टको सीईओ बन्नुअघि कम्पनीको क्लाउड तथा इन्टरप्राइज विभागका कार्यकारी उपाध्यक्ष थिए ।

सन् २०१४ को फेब्रुअरी ४ मा सत्य नाडेला माइक्रोसफ्टको प्रमुख कार्यकारी अधिकृत (सीईओ) बनेका थिए । उनी कम्पनीको तेश्रो सीईओ हुन् । त्यसअघि माइक्रोसफ्टको सीईओको रुपमा सुरुमा संस्थापक बिल गेट्स र पछि स्टिभ बाल्मर रहेका थिए ।

**यौनस्वास्थ्य**

# दाम्पत्य जीवन सुरु गर्नुअघि पार्टनरलाई सोध्नुपर्ने १० प्रश्न

आजका युवायुवती जति चाँडो सम्बन्धमा जोडिन रुचाउँछन् । सम्बन्धमा केही समस्या निम्तिएको खण्डमा त्यति नै छिटो टाढिन्छन् पनि । आजको प्रविधियुक्त जमानामा आफ्नो मनको कुरा मन परेको व्यक्तिलाई व्यक्त गर्न केवल एक फोन कल वा मेसेज नै काफी छ । तर यदि आफ्नो सम्बन्ध लामो समयसम्म रहिरहोस् र बलियो होस् भन्ने चाहनुहुन्छ भने आफू र आफ्नो पार्टनरलाई केही प्रश्न सोध्नुहोस् ।

सम्बन्ध विच्छेदका मामिलामा विशेषज्ञ वकिल ब्यारोनेस फियोना स्याकलटन र एक्सेटर विश्वविद्यालयका शिक्षाविद्हरूले भनेका छन्, 'कुनै पनि जोडीले गम्भीर सम्बन्धमा आउनुअघि एकअर्कालाई केही प्रश्न सोध्नु पर्छ । यसले उनीहरूको सम्बन्ध सुमधुर राख्न मद्दत गर्छ ।'

सफल दम्पती, पारिवारिक वकिल र मध्यस्थकर्ताका अनुसार मित्रता, सम्मान र आफ्नोबारेमा आधारित सबै कुरा साझा गर्ने सम्बन्ध लामो समयसम्म टिक्ने गर्छ ।

४० वर्षभन्दा बढी समयदेखि सम्बन्ध विच्छेदका वकिल बनेकी स्याकलटन भन्छिन्, 'मसँग सम्बन्ध विच्छेदका लागि आउने ५० प्रतिशतभन्दा बढीले आफ्नो सम्बन्धमा भएको तीतोपनबारे बताउँछन् । उनीहरू आफ्नो पार्टनरसँग बेमेल भएको बताउँछन् ।'

स्याकलटनको विचारमा दीर्घकालीन सम्बन्ध तब मात्र सफल हुन्छ, जब दुवै साझेदारले सम्बन्ध कसरी राम्रो बनाउने भनेर सल्लाह गर्छन् । कहिलेकाहीं परिवारका सदस्यहरू वा आमाबाबुको सम्बन्धबाट पनि यो कुरा सिकिन्छ ।

अन्वेषकहरूले १० वर्षदेखि विवाह गरेका वा सो अवधिमा छुट्टिएका ४३ जोडीसँग अन्तर्वार्ता लिएका थिए । उक्त अन्तरवार्तामा १० देखि १५ वर्ष सँगै अन्य समलिङ्गी र विषमलिङ्गी जोडीहरू पनि समावेश थिए । अध्ययनपछि निम्न १० प्रश्न प्रकाशमा आए, जुन हरेक सम्बन्ध सुरु गर्नुअघि सोध्नुपर्छ ।

**असल साथी नै राम्रो पार्टनर**

सर्वेक्षणका अनुसार अधिकांश सफल जोडीले आफ्नो सम्बन्ध मित्रताबाट सुरु गर्छन् र बिस्तारै उनीहरूबीच प्रेमको सम्बन्ध बन्न थाल्छ । तसर्थ, अनुसन्धानकर्ताहरू भन्छन् कि सम्बन्ध सुरु गर्नुअघि दुवै पार्टनरले एकअर्कालाई सोध्नुपर्छ-

**के हाम्रो मित्रता गहिरो छ ?**

विशेषज्ञका अनुसार एकअर्काको राम्रो साथी हुँदा मुस्किल समय पनि सजिलै



कटाउन सकिन्छ । जो जोडी पछि अलग्गिए उनीहरूबीच साथीको सम्बन्ध कम भएको अध्ययनमा पत्ता लाग्यो ।

**के हामी समान चीज चाहन्छौं ?**

अध्ययनअनुसार जुन दम्पतीको सम्बन्ध लामो समय रहन्छ, उनीहरूले एकअर्कासँग आफ्नो सम्बन्धको मूल्य, सम्बन्धबाट अपेक्षा, सपना आदि आफ्नो पार्टनरसँग सेयर गर्छन् ।

**के हाम्रा अपेक्षाहरू जायज छन् ?**

अध्ययनबाट विज्ञहरूले पत्ता लगाएका छन्, सफल जोडीहरूले विवाह र उनीहरूको सम्बन्धको बारेमा उचित अपेक्षा राखेका थिए । उनीहरूलाई थाहा थियो कि सम्बन्ध निभाउन सजिलो छैन र त्यसको लागि उनी कडा परि श्रम गर्न तयार थिए ।

**के हामी आफ्नो पार्टनरलाई आफूभन्दा माथि ठान्छौं ?**

सम्बन्धमा सहानुभूति राख्नु राम्रो कुरा हो । विशेषज्ञहरु भन्छन्, 'दयाभावले प्रेममा पर्न समय लाग्ला तर जब सम्बन्धमा दयाको भावना हुन्छ दुवैले एकअर्कालाई आफूभन्दा राम्रो मान्छन् । आवश्यक पर्दा एकअर्काको लागि जे पनि गर्न तयार हुन्छन् ।'

**आफ्नो सम्बन्ध कायम राख्न के गर्छौं ?**

लामो समयदेखि सम्बन्धमा रहेका दम्पतीले दैनिक सानातिना काम र कर्मकाण्डमा एकअर्कालाई सकेसम्म सहयोग गर्ने गरेको बताउँछन् ।

**के हामी सबै विषयमा छलफल गर्न र हामीबीचको समस्या एकअर्कालाई बताउन सक्छौं ?**

यो निकै महत्त्वपूर्ण छ । दिनभरिको आवश्यक विषय वा कुनै गम्भीर विषयमा पार्टनर सँग कुरा गर्नका लागि तपाईंसँग पर्याप्त समय हुनुपर्छ । यसो गर्दा प्रेम थप प्रगाढ बन्ने गर्छ ।

**हामी कठिन समयमा पनि साथ रहन सक्छौं ?**

सम्बन्धलाई स्थायी बनाउन जोडीले समयका साथ आउने परिवर्तनका लागि तयार हुनु जरुरी हुन्छ । जब मुस्किल घडीमा दुवै एकअर्काको साथमा हुन्छन् तब उनीहरू आफ्नो सम्बन्ध बलियो भएको पाउँछन् ।

**के हामी हाम्रो मागलाई नियन्त्रण गर्न वा कम गर्न सक्छौं ?**

जीवनमा प्रेम गुमाउने डर र कमजोर आर्थिक अवस्था आदिको दबाबमा धेरै इच्छालाई नियन्त्रण गर्नुपर्ने अनुसन्धानकर्ताहरूले पत्ता लगाएका छन् । आफ्नो इच्छालाई नियन्त्रण गर्नु सम्बन्धको जित हो र यो सबै सम्बन्धको लागि आवश्यक छ ।

**के हामी सार्वजनिक रूपमा एकअर्कालाई समर्थन गर्छौं ?**

हामीले जुन व्यक्तिको साथमा जीवन बिताउने निर्णय गरेका छौं, उसलाई हाम्रो परिवार र साथीहरूले पनि मन पराउनुपर्छ भन्ने चाहना हुन्छ । यस्तोमा दम्पतीले परिवार र साथीभाइबाट सहयोग पाएमा उनीहरूको सम्बन्ध बलियो बन्ने विज्ञहरूको विश्वास छ ।

**साहित्य**

कथा

# बलत्कार भएको हो र होइन पनि

✍ विश्वराज अधिकारी

"उसले पटक पटक मेरो रेप गर्यो । धैरे पटक आफ्नो घरमा लगेर गर्यो । केही पटक मेरो घरमा । अनि होटलमा पनि ।"

रिनाको भनाइले मेरो ध्यान गम्भीर किसिमले आकृष्ट गर्यो । उनको मुहारमा आश्चर्यचकित भावले हेर्यें । अनि प्रश्न गरें, "कसरी ?"

"कहिले फकाएर कहिले तर्साएर । कहिले बिहे गर्छु भनेर कहिले मेरो र उसको नग्न तस्वीहरू सोसल मेडियामा पोस्ट गरि दिन्छु भनेर । तर अहिले आएर बिहे गर्दिन भन्छ । यस्तो गर्नु रेप नै हो । होइन त ?"

रिनाको यो भनाइले मलाई झनै क्रुद्ध तुल्यायो ।

"के कुरा गरेको रिना, कहिले फकिएर अनि कहिले तर्सिएर त्यस्तो गर्न दिन हुन्छ ? तिमी माथि कसैले गरेको यो एक गम्भीर अपराध हो । अनि अपराध सहन गर्नु पनि एक किसिमको अपराध हो ।"

मैले थपें, "जाउ प्रहरीमा उजुरी गर । यो पूर्णतया बलत्कार हो । बिना कुनै संका ।"

"प्रहरीमा जाने हिम्मत गर्न सकिरहेको छैन । परिवारको र मेरो इज्जत जाने भयले आँट आउन सकिरहेको छैन ।"

"तिम्रो बलत्कार भयो । तिमी पिडीत हौ । जसले बलत्कार गर्यो त्यो पीडक हो । त्यसकारण पिडकको इज्जत जान्छ र जाने हो । तिम्रो होइन । तिम्रो इज्जत जाने भन्ने पुरातन मान्यता हो । समाजले वलपूर्वक महिलाहरू माथि थोपेको अति घृणित र भेदभावपूर्ण मान्यता हो, र बोझ पनि ।"

...मेरो रेप भयो भनेर मैले प्रहरीमा उजुरी गर्दैमा, मेरो यो एकल कार्यले के समाजको त्यो पुरातन र ढोंगी सोंचमा परिवर्तन आउँछ ? बलत्कारमा पर्ने होइन, बलत्कारीको इज्जत जान्छ भनेर विश्वास गर्ने छन्, मान्छेहरूले ? उल्टो मेरो बलत्कार भएको छ, जुन अहिले गोप्य छ, त्यो धेरैले थाहा पाउने छन् । बाँकि रहेको इज्जत पनि जानेछ । मेरो बिहे हुने छैन । जीवन नै बरवाद हुने छ । परिवारको बदनामीमाथि बाट ।"

"अनि के त्यो अपराधी, जसले तिम्रो बलत्कार गर्यो, लाई त्येति कै उन्मुक्ति दिने ? तिम्रो यस्तो मौनताले थप बलत्कार गर्न उसलाई उत्प्रेरित गर्दैन ?"

"त्येही त । म कुनै एक निर्णय लिन सकि रहेको छैन । बलत्कार भयो । तर यो कुराको उजूरी गरेमा मेरो इज्जत जाने हो भनेर चुप लागेर बस्ने हो कि ? होइन, बलत्कार को अपराध गर्ने त्यस दुष्टलाई सजाएँ दिलाउने कि ? यी प्रश्नहरूले मेरो मनमा द्वन्द चलाइ रहेका छन् । म सन्तुलित मनस्थितिमा रहन सकि रहेको छैन । कुनै काममा मन लाग्दैन । जहिले पनि यही चिन्तामा चिन्तित रहन्छु । यो चिन्ताबाट छुटकारा पाउन सकि रहेको छैन । होइन, म के गरौं, लौन भन सरिता । कहिले त आत्म हत्या गरौ झैं लाग्छ । खै के गरौं ?"

"यो द्वन्दको स्थितिबाट तिमी बाहिर त आउनै पर्छ । यो विचार धेरै अवधिसम्म तिम्रो मस्तिष्कमा चलिरह्यो भने तिमी पोस्ट ट्रोमेटिक स्ट्रेस डिसअर्डरको शिकार हुन सक्छौ । त्यसकारण त्यो स्थितिबाट तिमी बाहिर त आउनै पर्छ । तिमी सन्तुलित मनस्थितिमा फर्किनै पर्छ ।"

"तर म कुनै एक ठोस निर्णय लिन सक्ने स्थितिमा पुगिरहेको छैन । अनिर्णायक स्थितिले झन अर्को चिन्ता सृजना गरि दिएको छ । म झन झन भय र चिंताको दलदलमा भास्सिदै गएको छु ।"

हामी बिच यस्तो कुराकानी भइर ह्यो । धेरै बेरसम्म नै ।

मैले भने, "रिना, बलत्कारप्रतिको हाम्रो धारणा परम्परागत छ । यो धारणामा परिवर्तन गर्नु पर्छ । बलत्कार भए पछि इज्जत जाने र इज्जत यहाँ हुन्छ भन्ने धारण पनि परिवर्तन गर्नु पर्छ ।"

"तिमी एक वयस्कय महिला भएको भएकोले तिमीले यस विषयलाई गम्भीरतापूर्वक लिनु पर्छ ।" मैले रिनालाई सचेत पनि गराएँ ।

मैल भने, "बलत्कारलाई केवल एक दूर्घटना मान्नु पर्छ । कुनै सबारी चढ्दा दुर्घटना भए झैं जीवन जिउँदा बलत्कारको दुर्घटनामा, जो कोही पनि पर्न सक्छ । कसैको योनीको बलपूर्वक प्रयोग भयो भन्दैमा उसको इज्जत गयो भन्ने धारणा गलत हो । यो गलत धारणा समाजले बनाइ दिएको हो । समाजले बनाइ दिएको यो धारणले तिमीले बलत्कारलाई हरिरहेको छौ । बलत्कार प्रतिको तिम्रो आफ्नो धारणा खोइ ? इज्जत योनीमा हुँदैन । इज्जत त व्यक्तिको व्यवहारमा हुन्छ । व्यक्तित्वमा हुन्छ । राम्रो काम गरे भने कसैले इज्जत पाउने हो, नराम्रो काम गरेमा उसको बेइज्जत हुने हो । योनीलाई इज्जतसँग जोड्नु सर्वथा गलत हो, सर्वकालिक गलत हो । शरीरको कुनै एक भागको पनि इज्जत र बेइज्जत हुन्छ त ?"

मैले भन्ने क्रम जारि नै राखे, "हामी महिलालाई सानै देखि के सिकाइएको हुन्छ भने इज्जत हातमा हुन्छ त्यसकारण कुनै पुरुषसँग हात मिलाउन हुँदैन । इज्जत वक्षमा हुन्छ त्यसकारण जान वा अन्जानमा पनि कोही पुरुषसँग वक्ष स्पर्स हुन दिनु हुँदैन । इज्जत योनीमा हुन्छ, त्यसकारण यसको प्रयोग बलपूर्वक कसैद्वारा भएमा इज्जत जान्छ । यी सबै फाल्तु कुरा हो । आदिम युगको कुरा हो । पाषाण युगको कुरा हो । इज्जत शरीरमा हुँदैन । इज्जत विचार अर्थात कसैको व्यवहारमा हुन्छ । डकैती गरेमा बेइज्जती हुन्छ किनभने त्यस्तो काम गर्नु खराब व्यवहार गर्नु हो ।"

वातावरण एक छिन शान्त रह्यो । हामी बिच कुराकानी भएन ।

केही समयदेखिको कायम रहेको मौनतालाई तोड्दै रिनाले प्रश्न गरिन, "सरिता, यदि तिमीमाथि यस किसिमको घटना भएको भए साँच्चै तिमी प्रहरी समक्ष उजुरी गर्न पुग्ने थियौ ?"

मैले रत्ति पनि विलम्ब नगरेर भने, "अवश्य ।"

"तर मैले दोस्रो विकल्प पनि रोज्ने थिएँ ।" मैले थपे पनि ।

"तिम्रो अर्को विकल्प के हुने थियो ?" रिनाले प्रश्न गरिन् ।

मैले भने, "मेरो दोस्रो विकल्प के हुनेछ तिमीलाई भन्नु भन्दा पहिले म तिमीलाई केही थप कुरा भन्न चाहन्छु ।"

"भन, म सुन्न तयार छु ।"

"रिनाको उत्तरबाट म उत्साहित भए । मैले भने, "तिम्रो बलत्कार हुँदा तिमी माथि हिंसा भएको थियो ? कुटपिट भएको थियो ? तिम्रो हात खुट्टा भाँच्चिएको थियो ।"

"त्यस्तो केही पनि भएको थिएन ।"

"केवल उसले तिमीलाई कहिले फकायो । कहिले ब्लेकमेलिंग गर्यो । अनि यौन सम्पर्क गर्यो । यत्ति नै होइन त ?"

"हो ।"

"यत्ति नै हो"

"हो । यत्ति हो ।"

हाम्रो यो छोटो सम्वाद पछि मलै भने, "मेरो दोस्रो विकल्प हुनेछ चुप लागेर बस्ने, त्यो बलत्कारी विश्वलाई केही पनि नगर्ने । केवल भविष्यमा उसँग कुनै पनि किसिमको सम्बन्ध न राख्ने । बिर्सेर पनि......, कहिले उसको मुख नहेर्ने । उसँग कुनै पनि स्थानमा एकसाथ नहुने । सामाजिक समारोह वा सडकमा हिंड्दा पनि ।"

"त्यो बलत्कारी विश्वलाई केही पनि नगर्ने त ?" रिनाले आश्चर्य मान्दै प्रश्न गरिन । मुहार क्रोधको आँधी ल्याइन पनि ।

"हो ।"

मैले थपे पनि, "हो केही पनि गर्ने ।"

किन ? रिनाले क्रुद्ध हुँदै प्रश्न गरिन ।

मैले भने, "त्यो वा ती बलत्कारका घटनाहरूमा जसरी त्यो बलत्कारीले तिमीलाई बलत्कार गर्दा आनन्द पाएको अनुभूति गर्यो त्यसैगरी तिमीले पनि आनन्द पाएको अनुभूति गर्ने । हेर रिना, घटना एउटै छ । बलत्कार भएको छ । तर एउटाले, त्यो विश्वले, आनन्द पाएको अनुभूत गर्ने । बहादुरी गरेको अनुभूत गर्ने । युद्ध जितेको ठान्ने । तर त्यो विश्वले आफ्नो इज्जत गएको महसुस नगर्ने । उल्टो बहादुरी गरें भन्दै सुनाउँदै हिंड्ने । तर त्येही घटनामा अर्कोले, अर्थात तिमीले, दु:ख पाएको अनुभूत गर्ने । इज्जत गएको ठान्ने । कायर भएको महसुस गर्ने । यस्तो पनि हुन्छ ? यस्तो हुनै सक्तैन । समान प्रकृतिको एउटै घटनामा दुई व्यक्तिहरूको दुई किसिमको अनुभूति कसरी हुन सक्छ ? सहमतिमा भएको सहबासमा पनि त तीनै यौनाङ्गहरूको प्रयोग भएको हुन्छ । कि हुँदैन ?"

मैले पुरक प्रश्न राखे, "रिना, तिमी माथि बलत्कार हुँदा तिम्रो कुनै अंगभंग भएको छ ? शरीरमा कुनै ठूलो आघात पुगेको छ ?"

"त्यस्तो त कहिले पनि भएन ।" रिनाले प्रस्ट पारिन ।

मैले भने, "तिमीलाई कुनै चोटपटक लागेको छैन भने त्यो घटनालाई तिमीले चटक्कै बिर्सी देऊ । बलत्कार हुँदा प्राकृतिक रूपमा पाउने आनन्द त तिमीले पनि त पाएको हो । फरक यति मात्र छ, तिमीले पाएको त्यो आनन्द झूठो थियो । मात्र फरक यत्ति हो । तर आनन्द त तिमीले पनि पाएको हो । कि होइन ? त्यसकारण तिमीमाथि भएका ती बलत्कारका श्रृंखलाहरू चट्क्कै बिर्सिदेउ । यस्तो गर्नु नै मेरो विचारमा यो घटनाको लागि उत्तम निर्णय हो ।"

"मेलै थपें, "तिमीले प्रहरीमा गएर उजूरी गर्ने त्यो विकल्प भने संधै तिम्रो साथमा छ ।"

रिनाले भनिन्, "सरिता तिम्रो यो दोस्रो विकल्प व्यवहारिक त लागेन नै, बरू अति नै उटपट्यांग लाग्यो ।"

**********

छौ महिना पछि रिनासँग रत्नपार्कमा अचानक भेट भयो । उनको साथमा एक युवक पनि थियो । मैले केवल आँखाको इशाराद्वारा तिम्रो साथमा रहेको यो युवक को हो भन्ने भावमा रिनालाई प्रश्न गरें ।

रिनाले हाँस्दै आफ्नो मुहारमा यस्तो भाव ल्याइन जसले गर्दा त्यो युवक उनको प्रेमी रहेको बुझन मलाई गाह्रो परेन । रिनाको बडी लैंग्वेजले पनि मेरो त्यो बुझाइलाई सत्य प्रमाणित गरि रहेको थियो ।

लामो कुरा गरेर रिनाको त्यो रंगिन समय बर्वाद गर्न मलाई मन लागेन । तर पनि मनलाई रोक्न सकिन । उनको छेउ पुगें । उनको कानमा आफ्नो मुख पुर्याएर मन्द आवाजमा प्रश्न गरे, "रिना, त्यो बलत्कारको घटना बिर्सन तिमीले मद्वारा सुझाइएको दोस्रो विकल्प रोजे जस्तो छ । हो ।"

रिनाले मेरो प्रश्नको उत्तर दिनको साटो केवल हाँसिन मात्र । तर रिनाले ज्यादै छोटो परिचय गराइन । यसरी, "यिनी विनोद हुन, मेरो ब्याए फ्रेण्ड । अनि उनी सरिता, मेरो ज्यादै घनिष्ठ मित्र ।"

**चित्रकला**



दिपशना थापा
कक्षा: १०
जी.एस. निकेतन मा.वि. हेटौंडा

# हुप्रचौरमा सडक खाना महोत्सव सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/हेटौंडा उपमहानगरपालिका-४, स्थित हुप्रचौरमा शुक्रबारबाट सडक खाना महोत्सव सुरु भएको छ । खाना महोत्सवकको आयोजना मकवानपुर होटल एसोसिएसनले गरेको हो ।

महोत्सवको शुक्रबार हेटौंडा उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी छन् । उद्घाटन गर्दै प्रमुख लामाले स्थानीय उत्पादित वस्तुको विभिन्न परिकारलाई प्रवर्द्धन गर्न खाना महोत्सवले थप टेवा पुग्ने बताईन् । उनले केही वर्षदेखि रोकिएको सडक खाना महोत्सव यस वर्षबाट निरन्तरता दिइएकोले हेटौंडा र आसपासका होटल व्यवसायी र स्थानीय उत्पादित वस्तुको परिकार विक्री गर्ने व्यवसायीलाई व्यवसायमा थप उर्जा मिल्ने बताइन् । एशोसिएसनका कार्यबहाक अध्यक्ष विष्णुगोपाल महर्जनको सभाध्यक्षतामा महोत्सवको उद्घाटन भएको हो ।

कार्यक्रममा हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँ, १ नम्बर वडाअध्यक्ष सविन न्यौपाने, ६ का वडाध्यक्ष विष्णुबहादुर दाहाल, ९ का वडाध्यक्ष सुकराम केसी, ८ का वडाध्यक्ष रामकृष्ण थापा, १७ का वडाध्यक्ष उद्धव सत्याल, मकवानपुर उद्योग वाणिज्य संघका कार्यबहाक अध्यक्ष अनिल अग्रवाल, उद्योग संघका अध्यक्ष स्वागतराज प्याकुरेल, निर्माण व्यवसायी संघका अध्यक्ष बालगोपाल कंडेल, एशोसिएसनका संस्थापक अध्यक्ष भगीरथ शर्मा, केन्द्रीय सदस्य शंकरलाल श्रेष्ठ, प्रदेश उपाध्यक्ष निप्पु सर्राफ, पत्रकार महासंघ जिल्ला अध्यक्ष मणिराज गौतम, राप्रपाका कार्यबाहक अध्यक्ष सागर थापालगायत विभिन्न व्यक्तिको आतिथ्यता रहेको थियो ।

तीन दिनसम्म सञ्चालन हुने महोत्सवमा शाहाकारी र मांसाहारीका परिकारका स्टलहरु रहेका छन् । नयाँ वर्ष २०२४ लाई स्वागत गर्दै महोत्सवको आयोजना गरिएको हो । महोत्सव शनिबार र आइतबार पनि लाग्ने छ ।

# मनहरीमा सुर्तीजन्य पदार्थको नियमन तीव्र



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाले सुर्तीजन्य पदार्थ नियमन कार्यमा तीव्रता दिएको छ । गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममै गुट्खा विक्री वितरणमा रोक लगाउने घोषणा गरेपछि नियन्त्रण अगाडि बढाउँदै आएको हो ।

नीति तथा कार्यक्रम अनुसार विभिन्न समयमा गुट्खा विक्री वितरण रोक लगाउने सचेनता कार्यक्रम गर्दै सूचना प्रकाशन गरी विक्रेतालाई जानकारी गराएको छ । तर, त्यसबाट गुट्खा विक्री वितरणमा कमी नआएपछि गाउँपालिकाले नियन्त्रणमा सक्रियता देखाएको हो । गाउँपालिकाले नगर प्रहरी भर्नापश्चात सुर्तीजन्य पदार्थ नियन्त्रण गर्ने निर्णय गरेको छ । निर्णय कार्यान्वयनका लागि गत मंसिरबाट नगरप्रहरी भर्ना गरिएको थियो ।

गाउँपालिकाले पहिलो चरणमा नगरप्रहरी परिचालन गरी एक सातासम्म गुट्खाजन्यपदार्थ विक्रेतालाई सम्झाउने बुझाउने काम गरेका थिए । तर, विक्रेताले गाउँपालिकाको सूचनालाई अटेर गरेपछि शुक्रबारदेखि नगरप्रहरीले सुर्तीजन्य पदार्थ विक्री वितरण गर्ने स्थलमै पुगेर जफत गरेको गाउँपालिका प्रशासन शाखाका शैलेश बास्कोटाले बताए ।

मनहरी गाउँपालिका प्रशासन शाखाका बास्कोटा सहित नगरप्रहरी साहायकनिरीक्षक थिरनाथ देवकोटाको टोलीले वडा नं ६ र ७ मा अनुगमनका क्रममा करिब ८ प्याकेट गुट्खा जफत गरेका छन् । सम्झाईबुझाई गर्दा पनि अटेर गरेपछि जफत गर्न बाध्य भएको प्रशासन शाखाले जनाएको छ । बजार अनुगमनमा ईलाका प्रहरी कार्यालय मनहरी र सुनाचुरीका प्रतिनिधिको पनि उपस्थित थिए ।

# राष्ट्रिय महिला भलिबल सुरु, एपिएफको विजय सुरुवात




साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ हेटौंडामा जारी बृहत् खेलकुद तथा व्यापार महोत्सवमा शुक्रबारबाट राष्ट्रिय महिला भलिबल प्रतियोगिता सुरु भएको छ । टिसिएनचौरमा जारी महोत्सवमा केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबल संघको संयुक्त आयोजनामा राष्ट्रिय महिला भलिबल प्रतियोगिता सुरु भएको हो ।


प्रतियोगितामा चन्द्रागिरी नगरपालिका न्यु डाइमण्ड, नेपाल पुलिस क्लव, त्रिभुवन आर्मी क्लव, एपिएफ क्लव र मकवानपुरको छहारी युवा सेवा समाजको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले २ लाख र उपविजेताले एकलाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ भने विधागत उत्कृष्ट खेलाडीले समेत नगद पुरस्कार प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ । शुक्रबार भएको उद्घाटन खेलमा एपिएफले विजय यात्रा सुरु गरेको छ ।

एपिएफले त्रिभुवन आर्मी क्लवलाई २९-२७, २५-१९ र २५-१८ को सेटमा पराजित गरेको हो । खेलको प्लेयर अफ द म्याच एपिएफकी सरस्वती चौधरी घोषित भइन् । हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँले प्रतियोगिताको उद्घाटन गरेका हुन् । प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टको अध्यक्षतामा भएको प्रतियोगिताको उद्घाटनमा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्की, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधव तिमल्सिना, खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला, भलिबल संघका उपाध्यक्ष ईन्द्र सञ्जेललगायतको आतिथ्यता रहेको थियो ।

उपमेयर बानियाँले हेटौंडा उपमहानगरपालिकाले खेलकुदसहित नगरको सर्वाङ्गीण विकासमा योजनाबद्ध काम गरिरहेको बताए । यस प्रतियोगितालाई मकवानपुरका स्थानीय तहसहित हेटौंडा उपमहानगरको विभिन्न वडा र अन्य संघसंस्था तथा व्यक्तिले सहयोग गरेका छन् ।

बालकुमारी घटना :

# कोरिया जान माग्दा प्रहरीबाट मारिए दुई युवा



काठमाडौं/दैलेखका २३ वर्षीय सुजन रावत कोरियन भाषा पढ्न दुई साता अगाडि मात्र काठमाडौं आएका थिए । कोरियाली भाषा परीक्षाकै तयारीमा भएका ठूलोबुबाका छोरा सजनसँगै दहचोक बसे ।

शुक्रबार बिहान सुजन साथीहरुसँग भाषा पढ्न बागबजार लागे । सजन भने भाषा परीक्षाका लागि आवेदन दिइ पाइने आशमा ग्वार्कोस्थित इपिएस कोरिया शाखाको कार्यालय पुगे ।

उच्च अदालत, पाटनले आवेदन लिनू भन्ने आदेश दिएका कारण अरु युवा पनि त्यहाँ पुगेका थिए । तर कार्यालयले रिट लिएर अदालत गएका १८ जनाको मात्र आवेदन लिने निर्णय गरेको थियो । बिहीबार पनि २/३ सय युवा आवेदन दिन पाउनुपर्ने माग गर्दै पुगेकाले शुक्रबार बिहानदेखि सुरक्षाकर्मी तैनाथ दिए ।

सुरक्षाकर्मीले परीक्षा फर्म भर्न पाउनुपर्ने माग गर्दै पुगेका युवाहरुलाई कार्यालयमा प्रवेश नै दिएन । भीड बढ्दै गएपछि उनीहरु संगठित रुपमै आन्दोलित भए । कार्यालय पुग्न बल गर्न खोजेका युवालाई प्रहरीले लखेटेपछि तनाव बढ्यो । आक्रोशित युवाहरु सडकमा भेला भएका बेला मन्त्रीको झण्डाबाला गाडी आयो ।

युवाहरुले बा २ झ ५८६१ नम्बरको गाडी रोके । गाडीमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला रहेछन् । भिडले अवरोध गरेपछि उनी दुई निजी सुरक्षा अधिकृत (पीएसओ) सहित गाडीबाट निस्किएका थिए ।

चालक गाडी घुमाउने कोसिस गर्दै थिए । आक्रोशित भिडले सुरुमा टायरको हावा फुस्कायो । केहीबेरमा गाडीमाथि आगो लगाइदियो । मन्त्रीको गाडीमा आगजनी भएको सूचना पाएलगत्तै जिल्ला प्रहरी परिसर, ललितपुरले थप टोली परिचालन गर्‍यो । भीडले अरु गाडीमा तोडफोड गर्न थालेपछि तनाव बढ्यो, प्रहरीले अश्रुग्यास हान्यो ।

उपत्यका प्रहरी प्रमुख एआईजी दिपक थापाका अनुसार, स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाइ फायर समेत गरेको थियो । त्यसक्रममा दैलेखका २३ वर्षीय सुजन रावतसँगै अछामका २२ वर्षीय वीरेन्द्र शाहको मृत्यु भएको छ ।

राउत सडकमा ढलेका थिए । प्रदर्शनकारीहरुका अनुसार झडपका क्रममा उनलाई प्रहरीले बन्दुकको कुन्जले हानेका थिए । बेहोस भएका उनलाई तत्काल किस्ट अस्पताल लगिएको थियो, तर उपचारका क्रममा मृत्यु भएको अस्पतालले जनाएको छ ।

'भाइले तपाईं भएको ठाँउमा आउँछु भनेर फोन गरेको थियो । प्रहरीले कुटपिट गरेर मार्‍यो' दाइ सर्जनले अनलाइनखबरसँग भने, 'छातीमा निलो डाम छ । भाइलाई प्रहरीले बन्दुकको कुन्जले हानेर मारेको हो ।'

अछामका वीरेन्द्रको भने पेटको तल्लो भागमा गोली लागेको छ । अत्यधिक रत्तश्राव भएका उनलाई पाटन अस्पताल ललिएको थियो, तर उपचारको क्रममा मृत्यु भएको छ ।

प्रदर्शनकारीले ३ घन्टासम्म उछृंखल गतिविधि गरेपछि हवाइ फायर गर्नु परेको ललितपुरका एसपी नवराज कार्कीको दाबी छ । 'सम्झाइबुझाइ गर्‍यौं, पछि हट्न अनुरोध गर्‍यौं', उनले भने, 'भिडले मन्त्रीज्यूको गाडीमा पनि आगजनी गर्‍यो, त्यसक्रममा भिडलाई तितर वितर गर्न कारबाही गरेको हो ।'

तर भिडले मन्त्रीको गाडीमा आगो लगाएइ सकेपछि नियन्त्रणका नाममा प्रहरीले अधिक बल प्रयोग गर्दा दुई जनाको ज्यान गएको भनेर गृह प्रशासनको आलोचना भएको छ ।

मानवअधिकारकर्मी मोहना अन्सारी पनि प्रहरीले पानीको फोहोरा लगायत, माइकिङ गरेर सम्झाउने ठाउँ हुँदा हुँदै गोली चलाएको बताउँछिन् । 'मन्त्री निस्किएर गइसकेका थिए, केहिबेर नारा लगाएर साम्य हुन्थ्यो', राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य समेत रहेकी अन्सारी भन्छिन्, 'मन्त्रीको गाडी जलाए भनेर प्रहरी उग्र भएजस्तो देखिन्छ, आज जे भयो, एकदमै गलत भयो ।'

नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल ठकुरी पनि आन्दोलन भइरहेको स्थानबाट भीआईपीको सवारी हुन प्रहरीले किन दियो भन्ने पनि प्रश्न उठेको बताउँछन् ।

'अगाडि हड्ताल, जुलुस वा प्रदर्शन भइरहेको छ भने भीआईपीको गाडी रोक्नुपर्थ्यो, किनभने त्यहाँ सरकारी गाडी देखेपछि प्रदर्शनकारी थप उग्र भएका छन्', मल्लले भने, 'त्यो भिडलाई रोक्न भीआईपी सवारीलाई डाइभर्ट गर्नुपर्नेमा त्यो हुनसकेको देखिएन, यसमा प्रहरीको कमजोरी देखिन्छ ।'

**किन आन्दोलित भएका थिए युवाहरू ?**

वैदेशिक रोजगार विभाग अन्तरगतको ईपीएस कोरिया शाखाले सन् २०२३ को लागि पानीजहाज निर्माण क्षेत्र (सिप बिल्डिङ) मा कोरिया लैजाने नेपाली श्रमिक छनोट गर्न आवेदन मागेको थियो । ३५ हजार ४१८ जनाले आवेदन दिए, १ असोजदेखि सञ्चालन भएको भाषा परीक्षामा ३ हजार ९८९ जना मात्रै उत्तीर्ण भए । अनुत्तीर्ण भएका परीक्षार्थीहरु कोरियाकै उत्पादनमुलक क्षेत्रका लागि हुने भाषा परीक्षाको पर्खाइमा थिए ।

ईपीएस कोरिया शाखाले १९ मंसिरमा सूचना निकालेर उत्पादनमुलक क्षेत्रका लागि पुस २ देखि ६ गतेसम्म आवेदन माग्यो । तर आवेदकहरुको योग्यतामा २०२३ मा भाषा परीक्षाका लागि आवेदन नदिएको हुनुपर्ने सर्त पनि समावेश भयो । यसले सिप बिल्डिङका लागि भाषा परीक्षा दिएर नाम ननिस्किएकाहरुले उत्पादनमुलक तर्फको परीक्षामा आवेदन दिन नपाउने भयो ।

ग्वार्कोस्थित ईपीएस कोरिया शाखाका अनुसार कोरियाली भाषा पढेका ३१ हजार युवालाई परीक्षामा वञ्चित गर्न खोजिएको गुनासो गर्न हरेक दिनजसो युवाहरु आउँथे । पटक-पटक फारम भर्ने वातावरण मिलाउन अनुरोध गरे पनि ईपीएस कोरिया शाखाले मानेन ।

ईपीएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीका अनुसार साउनमा पानी जहाज निर्माण क्षेत्रको भाषा परीक्षामा सहभागी हुनेले उत्पादनमुलक क्षेत्रको परीक्षामा सहभागी हुन नपाउने स्पष्ट भनिएको थियो । 'सबैले त्यो सर्त स्वीकारेर फारम भर्नुभएको थियो', सुवेदी भन्छन्, 'अहिले उहाँहरुले फेरि फारम भर्न दिनुपर्छ भनेपछि हामीले कोरिया मानव संशाधन विभागमा जानकारी गराए पनि उनीहरुले मानेनन् ।'

त्यसपछि पानी जहाज निर्माण क्षेत्रको भाषा परीक्षामा सामेल भएका सुरज पाठकसहित १८ जना रिट लिएर उच्च अदालत पाटन गए । ५ पुसमा न्यायाधीशद्वय राज्यलक्ष्मी बज्राचार्य र रमेशराज पोखरेलको संयुक्त इजलासले १८ जना रिट निवेदकको पक्षमा अन्तरिम आदेश जारी गर्‍यो । उनीहरुलाई फारम भर्न रोक नलगाउन र आवेदन फारम भर्न दिन आदेश जारी गरेको थियो ।

यससँगै पानी जहाज निर्माण क्षेत्रको भाषा परीक्षामा नाम ननिस्किएका सबैले उत्पादनमुलक क्षेत्रतर्फ पनि परीक्षा फारम भर्न पाउने अपेक्षा गरेका थिए । तर तोकिएको अवधिमा कसैले पाएनन् । ईपीएस कोरिया शाखाले पूर्व निर्धारित समय २ देखि ६ पुसम्म उत्पादनमुलक क्षेत्रका लागि १ लाख ४३ हजार युवाको आवेदन लियो ।

बिहीबार बल्ल रिट निवेदन लिएर गएका १८ जनालाई मात्र शुक्रबार १० बजेदेखि ३ बजेसम्म फारम भर्न सूचना जारी गर्‍यो । यसप्रति असन्तुष्टि जनाउन बिहीबार नै करिब २-३ सय युवा ईपीएस कोरिया शाखाको कार्यालयमा पुगेका थिए ।

निर्देशक सुवेदीका अनुसार शुक्रबार थप भीड हुने पूर्वानुमानअनुसार प्रहरी परिचालन भएको थियो । प्रहरीले चक्रपथको सडकबाट कार्यालयतर्फ जान नै रोकेपछि युवाहरु आक्रोसित भए । भीड बढ्दै गएपछि उनीहरु संगठित रुपमै आन्दोलित भए । आन्दोलनका क्रममा प्रहरीबाट दुई युवा मारिएका छन् ।

गृह मन्त्रालयले भने अप्रत्यासित रुपमा घटना भएको भन्दै छानबिन गर्न काठमाडौं उपत्यका प्रहरी कार्यालयका डीआईजी लालमणि आचार्यको नेतृत्वमा ३ सदस्यीय समिति बनाएको छ । ललितपुरका सहायक सीडीओ अमर दीप सुनुवाई र राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक बासु सिग्देल सदस्य रहेको समितिलाई ७ दिनभित्र प्रतिवेदन पेश गर्न भनिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# बलात्कार मुद्दामा सन्दीप लामिछाने दोषी ठहर

काठमाडौं/क्रिकेटर सन्दीप लामिछाने बलात्कारको मुद्दामा दोषी ठहर भएका छन् । सजाय भने पुस २५ गते मात्र सुनाइने भएको छ । जिल्ला अदालत, काठमाडौंका न्यायाधीश शिशिरराज ढकालले चार दिनको निरन्तर बहसपछि गौशाला २६ माथिको बलात्कारमा लामिछानेलाई दोषी ठहर गरेका हुन् ।

न्यायाधीश ढकालले आदेशमा पीडितको दाजुले दिएको जाहेरी दर्खास्त, सन्दीप लामिछानेको बयान, विभिन्न व्यक्तिहरुको घटना विवरण कागज, निजहरुको बकपत्र लगायत सीसीटीभी फुटेजबाट काठमाडौंदेखि नगरकोट गई पुन काठमाडौं आएर होटलको एउटै कोठामा बसेको देखिएको निष्कर्ष छ ।

एउटै कोठामा बसेको बेला सन्दीपले आफूलाई बलात्कार गरेको गौशाला २६ को दाबी रहेको भन्दै अदालतको संक्षिप्त फैसलामा भनिएको छ, 'गौशाला २६ तथा प्रतिवादी सन्दीप लामिछानेको घटना हुँदाको दिनको क्रियाकलापको समेत घटनाक्रम समेतलाई विचार गर्दा करणी भएको देखियो ।'

प्रहरीले गौशाला २६ नाबालिग भएकाले त्यसअनुसार दाबी गरेको थियो । तर सन्दीपका कानुन व्यवसायीहरूले उनी नाबालिग नभएको दाबी गरेपछि मुद्दाको सुनुवाइ 'गौशाला २६'को उमेरमा केन्द्रित भएको थियत्र ।

तर न्यायाधीश ढकालले पीडितलाई नाबालिका भन्न नमिल्ने राय लेखेका छन् । विभिन्न निकायको पत्र र कागजात प्रमाणबाट २०६१ असार १८ गते जन्म भएकाले घटनाका दिन पीडितको उमेर १८ वर्ष पुगिसकेको भन्दै नाबालिकामाथि बलात्कार भएको आरोप स्थापित हुन नसक्ने ठहर गरेका हुन् ।

तर गौशाला २६ को नाजुक आर्थिक अवस्थाको फाइदा उठाएर करणी गरेकाले सहमतिको नभएको अदालतको ठहर छ । फैसलामा भनिएको छ, 'उनको नाजुक आर्थिक अवस्थाको फाइदा उठाइ करणी भएको देखिँदा सहमतीको करणी भन्ने नदेखिएकोले सन्दीप लामिछानेले अपराध संहिता २०७४ को दफा २१९(१),(२),(३)ङ बमोजिम कसुर गरेको ठहर्छ ।'

३ वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा कसुर निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने भएकाले उनलाई कति वर्ष कैद सजाय हुने भन्ने तोकिएको छैन ।

# कुलेखानी-फाखेल-हुमाने सडक दुई महिना बन्द



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ कुलेखानी, फाखेल, हुमाने, फर्पिङ सडक खण्ड हुँदै काठमाडौं जाने सडक दुई महिना बन्द हुने भएको छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले १३ पुसमा सूचना जारी गर्दै सडक मर्मत, निर्माण तथा स्तरोन्नतिको कार्य निरन्तर चलिरहेकोले सडक बन्द रहने बताएको छ ।

पुस १६ गतेदेखि फागुन १५ गतेसम्म सम्पूर्ण सवारी साधनहरु पूर्णरुपमा आवतजावत बन्द रहने र सवारी साधनहरु अन्य बैकल्पिक सडकको प्रयोग गरी आवागमन गर्न सूचना प्रकाशित गरिएको इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले बताए ।

# पालुङ बहुउद्देश्यीयको अध्यक्षमा चार जनाको उम्मेदवारी




साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/थाहा नगरपालिका-४, स्थित पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष पदमा ४ जनाले उम्मेदवारी दिएका छन् । अध्यक्ष पदको लागि ४ जनाले उम्मेदवारी दर्ता गरेको निर्वाचन अधिकृत सानोभाइ कार्कीले जानकारी दिए ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष उमेशप्रसाद ढकाल राजश्व चुहावट गरी भ्रष्टचारको अभियोग लागेपछि पदबाट राजीनामा दिएका थिए । ढकालले राजीनामा दिएपछि रिक्त अध्यक्ष पदको लागि सहकारीको २४ औं वार्षिक साधारणसभाबाट पुस १५ गते निर्वाचनको मिति तय गरेको थियो । निर्वाचन कार्यालयले शुक्रबार गरेको सार्वजनिक अनुसार अध्यक्ष पदमा थाहा नगरपालिका वडा नम्वर ३ का कृष्णबहादुर विष्ट, पुरुषोत्तम कार्की, थाहा नगरपालिका वडा नम्वर २ का विमलकुमार ढकाल र विष्णुहरि ढकालले उम्मेदवारी दिएका छन् ।

उम्मेदवारी दिएका कृष्णबहादुर पूर्वउपाध्यक्ष, पुरुषोत्तम र विमलकुमार पूर्वअध्यक्ष हुन् भने विष्णुहरि संस्थापक अध्यक्ष हुन् । सहकारीमा ६ हजार ३ सय ८८ जना शेयर सदस्य आबद्ध रहेका छन् । पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको बज्रवाराही र हेटौंडामा सेवाकेन्द्र रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140,*
*057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# राउण्ड टेबलले विद्यालय भवन बनाइदिँदा विद्यार्थी हर्षित

साझाकुरा संवाददाता



हेटौंडा, १३ पुस/ राउण्ड टेबल नेपालअन्तर्गत् हेटौंडा राउण्ड टेबल-३० ले आफ्नो विद्यालयमा नयाँ दुई कोठे भवन निर्माण गरि दिएपछि यहाँका विद्यार्थीहरु हर्षित भएका छन् ।

आफ्नो टेबल-३० अन्तर्गत्का सदस्यहरु र विभिन्न दातासंग समन्वय गरेर मकवानपुरगढी-५ स्थित श्री आधारभूत शिक्षा आधार भूत विद्यालयको लागि निर्मित दुई कोठे भवनको शुक्रबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ ।

उद्घाटन कार्यक्रममा सहभागी विद्यार्थीहरुले कक्षा तह बढ्दै जाँदा अभाव हुनसक्ने कक्षा कोठा राउण्ड टेबलले निर्माण गरिदिएपछि विद्यार्थीहरु खुशि भएका हुन् । गाउँपालिकाले वर्षेनि कक्षा बढाउने अनुमति दिँदै जाँदा कक्षा कोठा अभाव हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै हेटौंडा राउण्ड टेबल-३० ले दुई कोठे भवन निर्माण गरिदिएको सदस्य सम्झौता सापकोटाले जानकारी दिए ।

टेबलका अध्यक्ष विकास जालानको सभाध्यक्षतामा भएको कार्यक्रमबीच प्रमुख अतिथि राउण्ड टेबल नेपालका राष्ट्रिय अध्यक्ष नितेशकुमार अग्रवाल र विशेष अतिथि मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे स्याङ्तानले संयुक्तरुपमा भवन उद्घाटन गरेका हुन् । कार्यक्रममा टेबलका राष्ट्रिय सेक्रेटरी शतिस अग्रवाल, टेबल-३० का पूर्व अध्यक्ष तथा इन्टरनेशनल रिलेसनसिप अफिसर राहुल अग्रवाल, एरिया को-अर्डिनेटर मनिष लाठ, एरिया प्रोजेक्ट कन्भेनर अमन मित्तललगायत सहभागी थिए ।

टेबल-३० का निवर्तमान अध्यक्ष रवि अग्रवालको कार्यकालमा सुरु भएको भवन निर्माण कार्य सात महिनामा सम्पन्न भएको वडा अध्यक्ष दीपेश दाहालले जानकारी दिए । गाउँपालिकाका अध्यक्ष स्याङ्तानले युवाहरु सम्मिलित टेबलले नियमितरुपमा मकवानपुर गढी गाउँपालिकामा सहयोग गरिरहेकोमा खुशी व्यक्त गरे ।

कार्यक्रमका अतिथि हेटौंडा उपमहानगरपालिका वडा नं. १ का अध्यक्ष तथा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपानेले युवाहरु समाजसेवामा लाग्दा आउँदो पुस्तालेसमेत राम्रो कुराको सिको गर्ने भन्दै टेबलले गरेको कामको प्रशंसा गरेका थिए ।

हेटौंडा राउण्ड टेबल-३० ले उक्त विद्यालयको पुरानो भवनको जस्ता फेर्ने, रंगरोगन गर्ने तथा पिउने पानीको लागि ट्याङ्की निर्माणको कार्य गर्नुका साथै समय समयमा विद्यार्थीहरुको पोशाक तथा न्यानो कपडा सहयोग गर्दै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुकुराम थिङले जानकारी दिए । उक्त भवन निर्माणमा वडा कार्यालयको तर्फबाट एकलाख ५० हजार रुपियाँ बजेटसमेत प्राप्त भएको थिङले जानकारी दिएका छन् ।

# सात मुख्यमन्त्रीद्वारा मानवसेवा आश्रम अवलोकन

साझाकुरा संवाददाता




हेटौंडा, १३ पुस/ हेटौंडामा रहेको मानवसेवा आश्रममा देशका सातवटै प्रदेशका मुख्यमन्त्रीले शुक्रबार अवलोकन गरेका छन् ।

अन्तरप्रदेश मुख्यन्त्री भेला तथा बैठकको लागि हेटौंडा आइपुगेका मुख्यन्त्रीहरु कोशी प्रदेशका केदार कार्की, मधेस प्रदेशका सरोजकुमार यादव, बागमती प्रदेशका शालिकराम जम्कट्टेल, गण्डकी प्रदेशका सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका डिल्ली बहादुर चौधरी, कर्णाली प्रदेशका राजकुमार शर्मा र सुदूरपश्चिम प्रदेशका कमलबहादुर शाह आश्रममा पुगेका हुन् ।

उनीहरुसँगै सचिव तथा मन्त्रीहरुले पनि आश्रमको अवलोकन गरेका थिए । सहयोगापेक्षि सडकमानवमुक्त अभियानका साथ सञ्चालित मानवसेवा आश्रमको भ्रमणपछि उनीहरुले यसअघि भइरहेको सहयोगलाई निरन्तरता दिँदै थप सहयोगको प्रयास गर्ने वचन दिएको मानवसेवा आश्रमले जनाएको छ ।

घर परिवार र आफन्तविहीन भई खुला आकाशमुनी कष्टपूर्ण जीवन जिइरहेकालाई उद्धार, उपचार र सम्भव भएकाको पारिवारीक पुनर्मिलन गराउँदै आइरहेको मानवसेवा आश्रम मुख्यालयको अवलोकन गर्दै सातै प्रदेशका मुख्यमन्त्रीले सहकार्यको लागि आह्वान गरेका हुन् । मानवसेवा आश्रमको कार्य प्रशंसनीय रहेको बताउदै सातै प्रदेशबाट आश्रमको सेवालाई प्रभावकारी बनाउन आवश्यक साथ र समर्थन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । २०६९ सालमा मकवानपुरको हेटौंडाबाट शुभारम्भ भएको मानवसेवा आश्रमले देशको सातै प्रदेशमा सेवाकेन्द्रहरु विस्तार गरी २०८१ सालभित्र सबै प्रदेशलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त प्रेदश घोषणा गरिसक्ने लक्ष्यका साथ अघि बढीरहेको छ । जसमध्ये कर्णाली प्रदेश र गण्डकी प्रदेश सहयोगापेक्षी सडकआश्रित मानवमुक्त प्रदेश घोषणा भइसकको छ ।

२०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने लक्ष्य सहित नेपाल सरकारसँग सार्थक साझेदारीको तयारीमा रहेको मानवसेवा आश्रममा सातै प्रदेशका मुख्यमन्त्रीको एकसाथको भ्रमणले बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणमा कोशेढुंगा सावित हुने मानवसेवा आश्रमका प्रमुख संस्थापक रामजी अधिकारीले बताए ।

मकवानपुरसहित सातै प्रदेशको १९ जिल्लामा २४ वटा शाखा रहेको आश्रमले संस्थाले तीनै तहको सरहकारको सहकार्यमा २०८२ सालभित्र नेपाललाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र निर्माण गर्ने लक्ष्य लिएको छ । हेटौंडा स्थित आश्रमको केन्द्रीय कार्यालयमा हाल २२० जना छन् । जसमध्ये १ सय जना पुरुष, ८० महिला र २५ बालबालिका रहेका छन् । देशभरका आश्रममा १ हजार ६७९ जना आश्रित छन् ।

## सूचना ! सूचना ! सूचना !

सामुदायिक सेवा केन्द्रको १९ औं वार्षिक साधारणसभा एवम् ८ औं कार्यसमिति चयन तपसिल मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण पदाधिकारी, कार्यसमिति सदस्यज्यूहरू, आजिवन सदस्यज्यूहरू, संमरक्षकज्यूहरू, सल्लाहकारज्यूहरू, मानार्थ सदस्यज्यूहरू, संस्थापकज्यूहरू, कानुनी सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू अनिवार्य उपस्थित भई कार्यक्रमको गरिमा बढाउदै, सफल बनाई दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।
(२३ औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा विभिन्न गित संगित तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिनेछ )

**कार्यक्रम** :
१. नयाँ कार्यसमिति चयन
२. अध्यक्षको प्रतिवेदन प्रस्तुत
३. कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत

**तपसिल**:-
मिति : २०८० पौष १४ गते शनिबार
समय : बिहान ११:०० बजे
स्थान : सामुदायिकको सभाहल

*नोटः सम्पूर्ण आजिवन सदस्यहरूलाई पत्राचार गरिसकेको हुदाँ, कारणवश पत्र प्राप्त नभए यहीं सूचनालाई आधिकारिक मानी उपस्थित भई दिनुहुन अनुरोध गर्दछौं ।*

# तीन दिने आत्मरक्षा प्रशिक्षक पुनर्ताजगी तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/बागमती प्रदेश युवा परिषद्को आयोजनामा तीन दिने आवासीय महिला आत्मरक्षा प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी तालिम हेटौंडामा सुरु भएको छ ।

तालिममा हिंसाका प्रकार, आत्मरक्षाको महत्व, आत्मजागरण र हिंसा न्यूनीकरण गर्न कानुनी प्रावधान लगायतका विषयमा सैद्वान्तिक र प्रयोगात्मक ज्ञान दिईनेछ । प्रदेश भित्रका २६ बिद्यालयका २६ जना शिक्षक सहभागी यस कार्यक्रममा किशोरी, बालिका र महिला घर परिवार, विद्यालय र कार्यक्षेत्रमा असुरक्षित भएको रिर्पोटको आधारमा सुरक्षित बनाउनका लागि आत्मरक्षा विषयक तालिम संचालन गरिदै आएको छ ।

पुस १३ देखि १५ गतेसम्म हुने तालिमको उदघाट्न गर्दै प्रमुख अतिथि प्रदेशसभा सदस्य एवम् पूर्वश्रम, यातायात तथा रोजगार मन्त्री एकलाल श्रेष्ठले हरेक क्षेत्रमा हुने सबैखाले हिंसाको प्रतिकार प्रतिरक्षाको लागि मानशिक एवम् शारीरिक हिसाबले तयार रहनका लागि तालिम महत्वपूर्ण हुने र विद्यालयको कोर्सको रुपमा विकास गर्न आवश्यक पहल गर्ने बताए । बागमती प्रदेश युवा परिषद् उपाध्यक्ष सन्तोष चौलागाईंले अघिल्लो वर्ष प्रदेशभित्रका १३ जिल्लामा सञ्चालित यस कार्यक्रम महत्वपूर्ण र प्रभावकारी परिणाम प्राप्त हुदा आत्मरक्षा तालिमलाई निरन्तरता दिदै आएको र तालिमपछि कम्तिमा विद्यालय र स्थानीय तहमा २० हजार बढीलाई तालिम दिन सक्षम प्रशिक्षक तयार हुने बताए ।

सामाजिक विकास मन्त्रालयका महासाखाप्रमुख खुबीराम अधिकारीले मन्त्रालयले तालिमको उपलब्धी राम्रो भएकोले कार्यक्रमलाई निरन्तरता दिदै आएको र थप कार्यक्रमको लागि आवश्यक बजेट बिनियोजन गर्ने बताए । तालिमका प्रशिक्षक दीपेन्द्र रोक्काले सबै उमेर समूहका सबैलाई तालिम आवश्यक रहेको र सिक्ने र सिकाउने प्रक्रिया निरन्तर चल्ने भएकाले सिक्ने र सिकाउने कलाको विकास गर्न जरुरी रहेको बताए ।

गैरसरकारी सस्था महासंघ जिल्ला अध्यक्ष रमिला सापकोटाले महिलाहिंसाविरुद्ध महिलालाई तालिम दिई कार्य क्षेत्रमा पठाउँदा थप प्रभावकारी हुने भएकाले प्रदेश युवा परिषद्लाई धन्यवाद व्यक्त गरिन् । प्रदेश युवा परिषद्का कार्यालय प्रमुख शारदा मैनालीले ससहजीकरण गरेको कार्यक्रम बागमती प्रदेश युवा परिषद उपाध्यक्ष सन्तोष चौलागाईंको सभाध्यक्षतामा भएको थियो । नेपाल सेल्फडिफेन्स एसोसिएसनका वरिष्ठ प्रशिक्षक सन्जु महर्जन र प्रशिक्षक बिनिता गुरुङ, मेनका श्रेष्ठको सहभागिता रहेको थियो ।

# लेडी जेसीज अध्यक्षमा सजिता केसी

हेटौंडा, १३ पुस/हेटौंडा लेडी जेसीजको वर्ष २०२४ का लागि अध्यक्षमा सजिता केसी निर्वाचित भएकी छिन् । शुक्रबार साँझ सम्पन्न निर्वाचन कार्यक्रममा केसी सर्वसम्मत रुपमा अध्यक्ष पदमा निर्वाचित भएकी हुन् ।

हेटौंडा लेडी जेसीज सन २०२४ को कार्यकारिणी उपाध्यक्षमा सरस्वती थिङ केसी र नम्रता श्रेष्ठ निर्वाचित भएकी छन् । त्यसैगरी उपाध्यक्षमा रन्जु पुडासैनी, पवित्रा गुरुङ, सलोनी बाटाजु र सुनिता लुईँटेल निर्वाचित भएका छन् ।

## १५ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस सहकारी संस्थाको १५ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने व्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पठाइसकिएको छ । कुनै कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उक्त गरिमामय साधारणसभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभा हुने**:
**मिति** : २०८० पुस १४ गते शनिबार
**स्थान** : ॐ वृद्धाश्रमको सभाहल, हेटौंडा-२
**समय** : विहान ११:०० बजे ।

शम्भु नकर्मी (अध्यक्ष)

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा, चौकीटोल

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००३६९७ | गोकुल भट्ट | थाहा-०६, मकवानपुर |
| २ | PLI१५७०००६१३६ | सर्मिला माया मुत्तान | हेटौंडा-१९, मकवानपुर |
| ३ | PLI१५७०००५९०० | सिजन उप्रेती | पर्सागढी-०३, पर्सा |

# मकवानपुर र बारामा ४० हेक्टर वनको जग्गा प्रयोग गर्न दिइने

साझाकुरा संवाददाता



हेटौंडा, १३ पुस/संघीय सरकारले काठमाडौं-तराई द्रुतमार्गको निर्माणका लागि मकवानपुर र बारामा पर्ने वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गरेको छ ।

मकवानपुर र बारामा राष्ट्रिय वन क्षेत्रमा पर्ने रुख कटान गर्न स्वीकृति दिने निर्णय भएको हो । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले बारा र मकवानपुर जिल्लामा पर्ने राष्ट्रिय वनको ४० दशमलब २१ हेक्टर जग्गा प्रयोग गर्न दिने र सो वनमा रहेका ४ हजार ३ सय ४५ वटा रुख कटान गर्न स्वीकृति दिने निर्णय गरेको सञ्चारमन्त्री रेखा शर्माले जानकारी दिएकी छन् । बारा, मकवानपुर र ललितपुरमा काठमाडौं-तराई द्रुतमार्ग निर्माण हुँदैछ ।

यसैगरी, मन्त्रिपरिषद्ले झुट्टा विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय सिरहाबाट जारी छ वटा नेपाली नागरिकताको प्रमाणपत्र सरकारले रद्द गरेको छ । यही पुस ५ र १२ गतेको मन्त्रिपरषद्को निर्णय शुक्रबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले निजहरुलाई नेपाली नागरिकबाट हटाइएको बताइन् । बैठकले नेपाल-चीन व्यापार तथा भुक्तानी सम्झौता, १९८१ लाई पुनरावलोकन तथा परिमार्जन गर्न नेपालका तर्फबाट मन्त्रालयका सहसचिवको संयोजकत्वमा संयुक्त प्राविधिक कार्यदल गठन गरेको छ ।

नेपाल विशेष सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु व्यवस्था गर्नेसम्बन्धी विधेयकको मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक स्वीकृति दिएको छ । राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २ को खण्ड (ख)को प्रयोजनका लागि राष्ट्रिय जनगणना, २०७८ को कुल जनसंख्याको शून्य दशमवल ५ प्रतिशतभन्दा कम जनसंख्या रहेका अल्पसंख्यक जातजाति (दलितबाहेक) लाई अल्पसंख्यकको रुपमा तोक्ने निर्णय गरेको उनले जानकारी दिइन् । गोरखापत्र संस्थानको व्यवस्थापन, आर्थिक एवं प्रिन्टिङ सल्लाहकार पदमा नुवाकोटको सूर्यगढी गाउँपालिका-२ का रामकृष्ण अधिकारी र कानुनी सल्लाहकारमा दाङको घोराही उपमहानगरपालिका-१७ का सुशीला चौधरीलाई दुईवर्षका लागि नियुक्त गरिएको सरकारका प्रवक्ता शर्माले जानकारी दिइन् ।

बैठकले सरकारी कार्यालयले सामाजिक सञ्जाल प्रयोग गर्नेसम्बन्धी निर्देशिका, २०८०, अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०७९, बालबालिका नीति, २०७९, राष्ट्रिय लैगिंक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजना, २०८०, संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणका लागि जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८० र राष्ट्रिय स्वास्थ्य संकट व्यवस्थापन समन्वय निर्देशिका, २०८० स्वीकृत गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिने बैठकको निर्णय छ ।

मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेललाई फिलिपिन्सका लागि गैर आवासीय राजदूत तोक्ने र नेपाली सेनाका दुई सहायक रथीलाई उपरथी र नौ महासेनानीलाई सहायक रथीमा बढुवा गर्ने, साञ्जेन खोला जलविद्युत् आयोजनाको प्रसारण लाइन आयोजनाको टावर र 'राइट अफ वे' निर्माणका लागि रसुवाको राष्ट्रिय वन क्षेत्रको कुल १० दशमवल १३ हेक्टर जग्गा २४ वर्षसम्म प्रयोग गर्न तथा सो वन क्षेत्रमा रहेका एक हजार दुई सय १४ वटा रुख हटाउन स्वीकृति दिएको छ ।


हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना